# बेनीघाट रोराङ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – ९　　संख्या – ९　　मितिः २०८२ पौष १५**

## भाग – २

बेनीघाट रोराङ गाउँपालिका अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८२

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड – ९** **संख्या – ९** **मितिः २०८२ पौष १५**

## बेनीघाट रोराङ गाउँपालिका अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८२

गाउँसभाबाट स्वीकृत मितिः २०८२/०९/०७

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गरी लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुद्धीकरण गर्न, सार्वजनिक यातायातमा सहजतता प्रदान गर्न र अटो सवारी साधन संचालनलाई व्यवस्थित, मर्यादित बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी बेनीघाट रोराङ गाउँपालिकाले **अटो रिक्सा, ई-रिक्सा दतां तथा व्यवस्थापन कार्यविधि, २०८२** जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यबिधिको नाम 'बेनीघाट रोराङ गाउँपालिका अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८२” रहेको छ ।
(२) यव कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **दर्ता नगरी सञ्चालन गर्न नहुनेः** प्रचलित कानूनमा अन्यथा व्यवस्था मएकोमा बाहेक यस कार्यावधि यमोजिम बेनीघाट रोराङ गाउँपालिका कार्य पालिका कार्यालयमा दर्ता मगरी गाउँपालिका क्षेत्रभित्र अटो रिक्गा, ई-रिक्सा संचालन गर्न पाइने छैन। सम्बन्धित सवारी धनीले रुट परमिटका सम्पूर्ण शर्तहरु पुर्णरुपमा पालना गर्नुपर्नेछ।

३. **गाउँपालिकामा दर्ता/पार्किङ सम्बन्धी व्यवस्थाः**
(१) दर्ता प्रक्रियाः सार्वजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा, ई-रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूची-१ बमोजिमको ढांचामा फारम भरी दर्ताको लागि यस कार्यपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी समक्ष दरखास्त दिनु पर्नेछ। बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनालाइ न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन ईजाजत दिंदा सडकको अवस्था, यात्रुको चापलाई ख्याल गरिनेछ।
(२) अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन समिति गठनः अटो रिक्साको समग्र व्यवस्थापन दर्ता, संख्या निर्धारण, नविकरण, रुट निर्धारण, पार्किडस्थल निर्धारण, भाडादर निर्धारण र

अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यवस्थापन गर्नका लागि उपाध्यक्षको संयोजकत्वमा सरोकारवाला सहित ७ जनाको तपसिल बमोजिमको एक समिति कार्यपालिका बैठकले गठन गर्नेछ।

क) उपाध्यक्ष - संयोजक

ख) कार्यपालिका सदस्यहरुमध्ये महिला अनिवार्य रहने गरी जम्मा दुई जना - सदस्य

ग) गाउँपालिकास्तरीय अटो रिक्सा सञ्चालक सम्बद्ध समितिवाट जम्मा दुई जना - सदस्य

घ) उपभोक्ता अधिकारकर्मी मध्ये गाउँ कार्यपालिकाले तोकेको एक जना - सदस्य

ङ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३)उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे नपुगेको, आवश्यक कागजात भए नभएको अध्ययन गरी नियमानुसार लाग्ने दस्तुर लिई निजलाई अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिने छ।

## ४. अटो रिक्सा रुट परमिटः

(१) गाउँपालिकामा दर्ता भएका अटोहरुको रुट बेनीघाट रोराङ गाउँपालिका भित्रको सडक पुगेको क्षेत्रमा मात्र हुनेछ।

२. उपदफा (१) बमोजिम निर्धारण भएको रुटमा दफा (२) को उपदफा (२) बमोजिम गठन भएको समितिको सिफारिसको आधारमा कार्यपालिकाले आवश्यक परिमार्जन गर्न सक्नेछ।

## ५. रिक्सा चालक वा व्यवसायीहरुले समिति गठन गर्न सक्नेः

यस गाउँपालिकामा सञ्चालन हुने रिक्सा व्यवसायी वा चालकहरु व्यवसायिक एकताका लागी सर्वान्धित निकायमा दर्ता भई संर्गाठत हुन सक्नेछन्। तर, गाउँमा चल्ने रिक्साको संख्या, रुट, भाडादर लगायत सम्बन्धित विषयको निर्णय गाउँपालिकाले गठन गरेको समितिले मात्र गर्नेछ।

## ६. दर्ता प्रमाण पत्रको अवधिः

दफा (२) बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाण पत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

## ७. दर्ता प्रमाण पत्रको नवीकरणः

दर्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको ३ महिना भित्र दर्ताको प्रमाणपत्र नवीकरण गराईसक्नु पर्नेछ। यदि ३ महिना म्याद नाघी नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ वर्षसम्म १० प्रतिशत, २ वर्षसम्म २० प्रतिशत र ३ वर्ष म्याद नाघेपछि नवीकरण रकमको दोब्बर दस्तुर समेत लिई त्यस्तो दर्ता प्रमाण पत्रको नवीकरण गर्नु पर्नेछ।

**८. नवीकरण सम्बन्धी विशेष व्यवस्थाः**

माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारी धनीले ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ वर्ष सम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुष्ट लिइ दर्ताको प्रमाण पत्र ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ।

**९. दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने व्यवस्थाः**

कुनै रिक्साधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा रु ५०० दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनुपर्नेछ।

**१०. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यालयमा लेखिए जति सबै यसै बमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ। कार्यविधिलाई कार्यपालिका बैठकले आवश्यक संशोधन गर्न सक्नेछ।

अनुसूची - १

दफा ३ को उपदफा (१) संग सम्बन्धित

## सवारी साधन दर्ताको निवेदन

## (अटो रिक्सा/ई-रिक्सा दर्ता)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बेनीघाट रोराङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
विशालटार, धादिङ।

**विषयः अटो रिक्सा, ई-रिक्सा दर्ता सम्बन्धमा।**

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई-रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आवश्यक प्रमाणपत्रहरु यसै साथ राखि पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु।

**सवारी धनीको**ः

- नाम थरः
- ठेगानाः
- मोबाईल नम्बरः
- पिता वा पति पत्नीको नाम धरः
- सवारी दर्ता नंः
- सवारीको किसिमः
- सवारी बनाउने कम्पनीको नामः
- सवारी बनेको सालः
- सवारीको मोडेलः
- सवारी हर्षपावरः
- सवारीको इञ्जिन नंः
- सवारीको चेसिज नंः
- सवारीको रंगः
- सवारी चालक सहित क्षमताः
- सवारीको प्रयोगः [ ] निजी [ ] भाडा
- सवारीको इन्धनः [ ] पेट्रोल [ ] डिजल [ ] ब्याट्री

**यस दरखास्त फाराममा उल्लिखत सम्पूर्ण बेहोरा ठिक साँचो छ।**
**झुठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।**

**कम्पनी/संस्थाको छाप**

**दरखास्तवालाको**
दस्तखतः
नाम, थरः
मितिः २०..../..../....

अनुसूची - २

दफा ३ को उपदफा (३) संग सम्बन्धित

# बेनीघाट रोराङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

## सवारी साधन दर्ता प्रमाण-पत्र

**सवारी साधन दर्ता नं.:** **दर्ता मितिः**

**सवारी धनीको नाम थरः**

- ठेगानाः
- पिता वा पति/पत्नीको नाम थरः
- सवारी दर्ता नंः
- सवारीको किसिमः
- सवारी बनाउने कम्पनीको नामः
- सवारी बनेको सालः
- सवारीको मोडेलः
- सवारी हर्षपावरः
- सवारीको इञ्जिन नंः
- सवारीको चेसिज नंः
- सवारीको रंगः
- सवारी चालक सहित क्षमताः
- सवारीको प्रयोगः [ ] निजी [ ] भाडा
- सवारीको इन्धनः [ ] पेट्रोल [ ] डिजल [ ] ब्याट्री

..............................

**(प्रमाण-पत्र पाउनेको सही)**

........................................

**परशुराम घिमिरे**

**(प्रमाण-पत्र जारी गर्नेको सही)**

# नवीकरण सम्बन्धी विवरण

| क्र.सं. | नवीकरण गरेको मिति | इजाजत-पत्र वहाल रहने अवधि | व्यवसाय कर रकम सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | व्यवसाय कर वापत लाग्ने रकम | छुट रकम | बक्यौता रकम | जरिवाना | प्रमाण-पत्र दस्तुर | जम्मा असुली भएको रकम | दस्तखत |
| १. | | .................... असार मसान्त सम्म | | | | | | | |
| २. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ३. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ४. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ५. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ६. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ७. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ८. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ९. | | .................... असार मसान्त सम्म | | | | | | | |
| १०. | | .................... असार मसान्त सम्म | | | | | | | |
| ११. | | .................... असार मसान्त सम्म | | | | | | | |

आज्ञाले
रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत